हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ | सङ्ख्याः ७ | मितिः २०७७०७२३

## भाग- ३

## हेटौंडा उपमहानगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

समाजमा बढदै गइरहेको लैङ्गिक हिंसाबाट पिडित/प्रभावितलाई राहत दिने र पारिवारिक पुनर्स्थापनागर्नका लागि कोष स्थापना गर्न बान्छनीय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२अन्तरगत रहि यो कार्यविधि तर्जमा गरी लागु गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “हेटौंडा उपमहानगरपालिका लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “उपप्रमुख” भन्नालेहेटौंडा उपमहानगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

हेटौंडा राजपत्र

(ख) "कार्यालय" भन्नाले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिका सम्झनु पर्छ ।

(ङ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(च) "सञ्चालक समिति" भन्नाले दफा७ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(छ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

३. **कोषको स्थापनाः** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः–

(क) उपमहानगरपालिकाबाट प्राप्त रकम,

(ख) संघीय र प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. **कोषमा रकम जम्मा गर्नेः** महिला हक हीतको संरक्षणका लागि उपमहानगरपालिकाले बार्षिक रुपमा स्विकृत कार्यक्रम बमोजिमको रकम कोषमा जम्मा गरि यस कोष मार्फत खर्च गर्नु पर्नेछ ।

५. **कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः–

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वामानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **सञ्चालक समितिको गठन:** (१)सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः–

(क) नगर उपप्रमुख........................................................................................ अध्यक्ष

(ख) प्रमुख,महिला सेल जिल्ला प्रहरी कार्यालय ..............................................सदस्य

(ग) उपप्रमुखले तोकेको नगर सभासदस्य .......................................................सदस्य

(घ) कार्यपालिकाले तोकेको लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट एक जना..................................................सदस्य

(ङ) महिला तथा बालबालिका महाशाखा प्रमुख ...............................................सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(३) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(४) सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **सञ्चालक समितिको काम, कर्तब्य र अधिकार:** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडित/प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउन,

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

९. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार:**(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने

भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र दोहोरो नपर्ने गरि उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपदफा (१) मा तोकिए बाहेक कुनै घटनाको लागि पिडितले मनासिव आधार, कारण र प्रमाण सहित निवेदन दिएमा सो व्यहोरा मनासिव देखिएमा कोष सञ्चालक समितिले बढिमा पचास हजार रुपैयामा नवढ्ने गरि उपलव्ध गराउन सक्नेछ।

१०. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका महाशाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले दफा९ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

११. **तत्काल रकम उपलव्ध गराउन सक्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००।–(रु. दश हजार मात्र) नवढ्ने गरी सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको पहिलो वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१२. **थप रकम निकासा माग गर्न सक्नेः** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा उपमहानगरपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१३. **खाता सञ्चालनः** (१) विभिन्न शिर्षकबाट प्राप्त रकम कार्यालयको नाममा कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोष खाताको सञ्चालन दफा ७ बमोजिमको कोष सञ्चालन समितिको सिफारिसमा कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. **कोषको लेखा र लेखा परिक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

१५. **प्रतिवेदन पेश गर्नेः** (१) समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका लाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१६. **बैठक भत्ताः**सञ्चालक समितिका पदाधिकारीहरुले सो समितिको बैठकमा भाग लिए वापत प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन् ।

१७. **निर्देशन दिन सक्नेः** कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाईआवश्यक निर्देशन दिन सक्नेछ ।

१८. **कार्यविधिको व्याख्याः-** यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

१९. **परिमार्जन तथा संशोधनः** यस कार्यविधिलाई आवश्यकता अनुसार कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत
नमराज घिमिरे
हेटौंडा उपमहानगरपालिका

प्रमाणीकरण मितिः-२०७७/०७/२३

हेटौंडा राजपत्र